चेतना ≈ वर्षः ९ ≈ अङ्कः२८७ पुर्णाङ्क २७३० ≈ वि.सं. २०८१ असा

# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### पथरी मोरङ

**कवाडी , जडिबुटी , वनकस र मृत जिवजन्तु (हाड , सिङ , प्वाँख र छाला) को ठेक्कामार्फत कर संकलन गर्नका लागी सिलवन्दी दरभाउ पत्र सम्वन्धी सार्वजनिक सूचना।**

सूचना प्रकाशन मिति : २०८१/०३/०५ गते

पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्र जडिबुटी , वनकस , कवाडी मालसामान , निषेधित जिवजन्तु बाहेक वध गरिएका वा आफै मृत भएका पशुपन्छीका हाड , सिङ , प्वाँख र छालाजस्ता वस्तु (कच्चा पदार्थ) मा आ.व. २०८१/८२ मा कर संकलनको लागि निम्न बमोजिमको रकममा वढावढ हुने गरी सिलबन्दी दरभाउपत्र लगाउनुपर्ने भएकाले निम्न अनुसारका शर्तको अधीनमा रही दरभाउपत्र पेश गर्नुहुन इच्छुक व्यक्ति , फर्म , कम्पनी वा संस्थाहरु लगायत सबैको लगि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न | ठेक्का विवरण | न्यूनतम कबोल अंक (भ्याटबाहेक) | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर | फारम खरिद गर्ने र पेश गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कवाडी , जडिबुटी , वनकस , कानूनले निषेध नगरेका मृत जीवजन्तुका हाड , सिङ , प्वाँख , छालाजस्ता वस्तुमा लाग्ने करमार्फत आन्तरिक आय संकलन ठेक्का | वार्षिक रु ६,००,०००/- (अक्षरुपी रु. छ लाख) मात्र | कबोल अंकको कम्तिमा ५(पाँच) प्रतिशतले हुन आउने रकम । | रु १,०००/- (अक्षरेपी रु एक हजार मात्र) । | खरिदको लागि सूचना प्रकाशन भएको १५ औं दिनको कार्यालय समयसम्म र पेश गर्ने १६ औं दिनको मध्याह्न १२:०० वजेसम्ममा । | |

यस सम्बन्धी शर्तहरु लगायत अन्य विस्तृत जानकारीको लागि कार्यालय समयमा सम्पर्क राखि जानकारी लिन सकिनेछ वा कार्यालयको वेबसाइट https://patharishanishcharemun.gov.np/ मार्फत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०३/०५ गते प्रकाशन भएको कवाडी , जडीबुटी , वनकस र मृत जिवजन्तु (हाड , सिङ , प्वाँख र छाला) को ठेक्का मार्फत कर संकलनको लागि सिलबन्दी दरभाउपत्र सम्बन्धी सार्वजनिक सूचनाबमोजिमका शर्तहरु :

शर्तहरु :

१. सिलबन्दि दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको नाममा रहेको वाणिज्य बैंकको खाता नं. २५६०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखामा जम्मा गरेको रसिद संलग्न राखी खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्रको साथ व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी , फर्म भए नवीकरण भएको व्यवसाय दर्ता , मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । कबोल रकमको कम्तीमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. २५६०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

३. कबोल गरेको रकम अंक र अक्षरमा दुवैमा प्रस्ट उल्लेख गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षर फरक परेमा अक्षरको कबोल रकमलाई मान्यता दिइनेछ । टिपेक्स प्रयोग गरेको वा केरमेट गरेको सिलबन्दी दरभाउपत्र फारम मान्य हुने छैन ।

४. सिलवन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समयभित्रमा कार्यालयबाट खरिद गरी १६औं दिनको मध्याह्न १२:०० बजे सम्ममा पेश गरी सक्नु पर्नेछ । साथै पेश हुन आएका सिलवन्दी दरभाउपत्र ठेकेदार वा निजको प्रतिनिधीको उपस्थितिमा उक्त १६औं दिनको दिउँसो २:०० बजे खोलिनेछ ।यदि ठेकेदार वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. बुँदा नं. ४ अनुसारका सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई मान्यता दिइनेछ।

६. विदेशबाट आयात गरिएका , निषेधित जिवजन्तु बाहेक वध गरिएका वा आफै मृत भएका पशुपन्छीका हाड , सिङ , प्वाँख र छालाजस्ता वस्तु तथा उन , खोटो , जडिबुटी , बनकस , कवाडीजन्य मालसामानको (कच्चा पदार्थ) व्यवसायिक कारोवार गर्ने व्यक्ति , फर्म , कम्पनीसँग नगरपालिकाले तोकेको दररेटमा कर संकलन गर्नु पर्नेछ ।

७. कुल ठेक्का रकम सम्झौता गर्दाको बखत एकमुष्ट बुझाएको खण्डमा १०% छुट दिइनेछ तर सोमा लाग्ने मु.अ.कर रकममा भने छुट हुने छैन ।

८। किस्तामा रकम बुझाउन चाहने कवोलकर्ताले सम्झौता गर्दाकै बखतमा सम्झौता रकमको ५०% र बाँकी रकम २०८१ साल माघ मसान्त सम्ममा कार्यालयमा बुझाउनु पर्नेछ । यसरी किस्तामा रकम बुझाउँदा कवोलकर्ताले सम्झौता गर्दाकै बखतमा सम्झौता रकमको ५०% रकम कार्यालयमा बुझाएर र बाँकी रकमका लागि उक्त बाँकी रकम खाम्ने गरी २०८२ श्रावण मसान्तसम्मको मान्य अवधि भई नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

९। ठेक्का रकममा लाग्ने मूल्य अभिवृद्धि बापतको रकम सम्झौता हुँदाकै बखत चुक्ता नगरी ठेक्का सम्झौता गरिनेछैन ।

१०। कवोल कर्तालाई ठेक्का अवधिमा भएका कुनै पनि बन्द , हडताल , महामारी लगायत अन्य मानवसिर्जित घटनाका आधारमा कार्यालयले ठेक्का रकममा छुट/मिनाहा गर्ने छैन।

११. सिलबन्दी सम्बन्धि दररेट तथा अन्य कागजात कार्यालयको Website https://patharishanishcharemun.gov.np/ मार्फत हेर्न सकिनेछ।

१२। यस सूचनामा उल्लेख भएको कुराहरुको हकमा यसै सूचना अनुसार र नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत